# सूचना

दोलखाको विगु गाउँपालिका वडा नं. १ लामावगरमा निर्माणाधीन ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको बाँध, इन्टेक, बालुवा थिग्राउने पोखरी, गेट, स्टपलग लगायत अन्य हेडवर्क्सका संरचनाहरुको प्राविधिक परीक्षण गर्न आगामी २०७६ चैत्र ३ गते सोमबार देखि चैत्र २२ गते शनिबार सम्मको अवधिमा आयोजनाको जलाशय तथा बालुवा थिग्राउने पोखरीमा पानी जम्मा गरी संरचनाको परीक्षण गर्न लागिएको जानकारी गराईन्छ । साथै उपयुक्त समयावधिमा माथिल्लो तामाकोशीको बाँधमा तामाकोशी नदीको पानी रोक्ने र छोड्ने कार्यहरु गरिरहनु पर्ने र कुनै बेला एकै पटक ठूलो मात्रामा पनि पानी छोड्नु पर्ने भई बाँधभन्दा तल्लो तटीय क्षेत्रमा पानीको सतह बारम्बार घटबढ भइरहने भएकोले उपयुक्त अवधिमा तामाकोशी नदीमा माछा मार्ने, नुहाउने, पौडी खेल्ने, लुगाधुने वा वस्तुभाउ लैजाने जस्ता कार्यहरु नगर्न/नगराउनु हुन भनि माथिल्लो तामाकोशी जलविद्युत आयोजना गोंगर दोलखा पत्रबाट पत्राचार भएको हुँदा जिल्लवासीहरुको उच्च सतकर्ता र जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय
रामेछाप